गाउँ कार्यपालिकाको
मिति:- २०८२/०४/०७
(बैठक संख्या:- ०१-२०८२/०८३)
स्थान:- गाउँपालिकाको सभाहल

आज मिति २०८२ साल साउन ०७ गते तदनुसार नेपाल संवत ११४५, दिल्लागा, चतुर्दशी, बुधवारका दिन बिहान ०८:०० बजे बारेकोट गाउँपालिका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पहिलो (०१) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | गाउँ कार्यपालिका सदस्य |
| श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका |
| श्री शेर बहादुर चलाउने | (का.व.अ.) सदस्य गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री दिप बहादुर महतारा | (का.व.अ.) सदस्य गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री राम बहादुर मल्ल | प्र.प्र.अ. (सदस्य सचिव) |

रिव. शिम बहादुर रोकाया    कम्प्युटर अपरेटर

CamScanner

गाउँ कार्यपालिका
मिति:- २०८२/०४/०७

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०१-२०८२/०८३)</u>

**प्रस्तावहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. प्रमुख प्रशासकीय अधिकृत सम्बन्धमा।
३. UNDP बाट निर्माण हुने आयोजनाको नाम संशोधन सम्बन्धमा।
४. एम्बुलेन्सको मर्मत गर्ने सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। साथै निर्णय कार्यान्वयनमा ढिलाई भएका र कार्यान्वयन हुन नसकेका निर्णयहरुलाई यस आर्थिक वर्षमा आवश्यक छलफल गरी कार्यान्वयनमा लैजाने र कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय सहकार्य गर्ने।

**निर्णय नं. २**

आर्थिक वर्ष २०८१/०८२ को अन्तमा मिति २०८२।११।१२ गते यस गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतको अचानक सरुवा गर्दा गाउँपालिकाको सम्पूर्ण आर्थिक तथा प्रशासनिक कामकाज अवरुद्ध भएकोले मिति २०८१।११।१५ गते गाउँ कार्यपालिकाबाट निर्णय गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाइएको र मन्त्रालयबाट अर्को व्यवस्था नभए सम्मको लागि यस गाउँपालिका अन्तर्गत शिक्षा यूवा तथा खेलकुद शाखामा कार्यरत वरिष्ठ कर्मचारी संकेत नं. २४३१४० वरिष्ठ शिक्षा अधिकृत (सातौं) श्री राम बहादुर मल्ललाई प्रमुख प्रशासकीय अधिकृत तोकिएकोमा यस आर्थिक वर्षमा पनि वरिष्ठ शिक्षा अधिकृत (सातौं) श्री राम बहादुर मल्ललाई नै निरन्तरता दिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।

**निर्णय नं. ३**

संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (UNDP) र बारेकोट गाउँपालिकाको सहकार्यमा भूकम्प प्रभावित क्षेत्रहरूमा जीविकोपार्जन सुधार तथा विपद् उत्थानशील सुदृढीकरण गर्ने उद्देश्यले जाजरकोट भूकम्प पुनर्लाभ परियोजना सञ्चालन भइरहेको छ। जाजरकोट भूकम्पबाट

पालिकाको कार्यालय संरचनामा क्षति पुगेकोले सेवाग्राहीहरूलाई नियमित सेवा प्रवाह गर्न कठिनाइ भइरहेकोले परियोजनाको कार्यान्वयनको क्रममा बारेकोट गाउँपालिकामा पूर्वाधार शाखाको भवन र प्रसूति गृह निर्माण गर्ने प्रारम्भिक सहमति भएको थियो। तर, प्रसूति गृह निर्माणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निश्चित मापदण्ड र डिजाइन आवश्यक पर्ने भएकाले, उक्त मापदण्ड अनुसार जाजरकोट भूकम्प पुनर्लाभ परियोजना मार्फत निर्माण गर्न सम्भव नभएको हुँदा, प्रसूति गृहको विकल्पमा शिक्षा शाखाको भवन निर्माण गर्ने।

**<u>निर्णय नं.</u> ४**

बारेकोट गाउँपालिकाको एम्बुलेन्स (गाडी नं. कर्णाली प्रदेश ०२-००१ झ ००१ ५९ महेन्द्रा जीप) मर्मत हुन नसकी बन्द रहेकोले उक्त एम्बुलेन्सको मर्मतको लागि चालु आर्थिक वर्षको बाँडफाँड हुन बाँकी बजेट शिर्षकबाट रु. ७०००००।- (अक्षरुपी सात लाख रुपैंया मात्र) मर्मत गरी तत्काल सञ्चालनमा ल्याउने।

राम बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत